# लिखु पिके गाउँपालिका
# मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/०४/०२

**प्रस्तावना**

भौतिक पूर्वाधार विकासको मूल आधार हो। सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिँचाई, खानेपानी, विद्युत तथा भवनजस्ता पूर्वाधारहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन्। सेवासुविधा र यातायात, सिँचाईको पहुँच बस्तीस्तरसम्म पुर्याउने गाउँपालिकाको योजना छ। गाउँपालिका क्षेत्रमा पूर्वाधार निर्माणको कार्य बढ्दो छ र बनिसकेको पूर्वाधारको नियमित मर्मतसम्भार गर्न आवश्यक छ। त्यसैले सडक, सिँचाई, खानेपानी, विद्युत लाइन, भवनजस्ता पूर्वाधारको नियमित मर्मतसम्भार व्यवस्थित र दीगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्नु वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **लिखु पिके गाउँ कार्यपालिका**ले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम **मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८१** रहनेछ।

(ख) यो कार्यविधि लिखु पिके गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषा**

(क) **कार्यविधि** भन्नाले **मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८१** लाई बुझाउनेछ।

(ख) **गाउँपालिका** भन्नाले **लिखु पिके गाउँपालिका**लाई बुझाउनेछ।

(ग) **स्थानीय तह** भन्नाले **गाउँपालिका**लाई बुझाउनेछ।

(घ) **टोल विकास संस्था/उपभोक्ता समिति** भन्नाले **गाउँपालिकाको टोल र बस्ती क्षेत्रका सञ्चालित योजनाबाट प्रत्यक्ष सेवा पाउने समूहबाट उक्त योजना सञ्चालन गर्न बनेको सङ्गठन** भन्ने बुझाउनेछ।

३. **कार्यालयको पालन गर्नुपर्ने कार्यविधि**

लिखु पिके गाउँपालिकाभित्र निर्माण भएका वा निर्माण हुने पूर्वाधार योजनाहरूको निर्माण, सञ्चालन, तथा नियमित मर्मत कार्यको लागि निश्चित टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समिति, तथा गाउँपालिकासँग सहकार्य गर्ने निर्माण व्यवसायी संघ, विकास साझेदारहरू तथा पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने सबै सरोकारवालाले पूर्णरूपमा यो कार्यविधिको पालना गर्नुपर्नेछ।

४. **कार्यविधिको उद्देश्य**

यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ:

(क) गाउँपालिकाको क्षेत्राधिकारभित्र निर्माण भएका पूर्वाधार योजनाहरूलाई दीगो रूपमा सञ्चालन गर्न,

(ख) टोल विकास संस्था/उपभोक्ता समिति, नियमित मर्मत/संरक्षण समिति तथा गाउँपालिकालाई पूर्वाधार योजनाको सञ्चालन तथा नियमित मर्मतमा जवाफदेही बनाउन,
(ग) गाउँपालिकाका कार्यरत सरकारी, गैर सरकारी तथा गैर नाफामूलक सङ्घ संस्था वा अन्य सामाजिक संस्थाहरूलाई पूर्वाधार योजनासम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न जिम्मेवार बनाउन,
(घ) योजनाबाट लाभग्राहीहरूले दीर्घकालसम्म लाभ र सेवा प्राप्त गर्न सक्ने अवस्था सिर्जना गर्न,
(ङ) गाउँपालिकाको क्षेत्राधिकारभित्र निर्माण भएका पूर्वाधार योजनाहरूको वार्षिक रूपमा विस्तृत विवरण (Inventory) अद्यावधिक गरी नियमित मर्मतसम्बन्धी योजना तयार गर्न सहयोग पुऱ्याउन,
(च) पूर्वाधार योजनाहरूको योजनाबद्ध र निरन्तर रूपमा नियमित मर्मतका कार्यहरू गर्न गराउन।
(छ) गाउँपालिकाभित्रका सडकहरुको बर्षायाममा हुने अबरोध हटाई नियमित आवत जावतलाई सहज बनाउन।

## परिच्छेद -२
## स्थानीय पूर्वाधार मर्मत सम्भार कोष तथा कार्य सञ्चालन प्रविधि

### ५. पूर्वाधार योजनाको वर्गीकरण

(१) पूर्वाधार योजनाको वर्गीकरण देहाय बमोजिम हुनेछ-
**(क) सामुदायिक पूर्वाधार:** निर्दिष्ट उपभोक्ताहरू लाभान्वित हुने प्रकृतिका (जस्तै खानेपानी, सिञ्चाई, साना जलविद्युत, उच्च घर, आदि) योजनाहरू,
**(ख) सार्वजनिक पूर्वाधार:** निर्दिष्ट उपभोक्ता मात्र नभई ठूलो सङ्ख्यामा उपभोक्ताहरू लाभान्वित हुने प्रकृतिका (जस्तै ग्रामीण तथा कृषि सडकहरू, झोलुंगे तथा ट्रेल ब्रिज, कल्भर्ट आदि) योजनाहरू,
**(ग) मिश्रित प्रकृतिका:** (निजी, सामाजिक र सार्वजनिक) पूर्वाधार योजनाहरू जसबाट निजी सम्पत्ति संरक्षण हुने, बाढी नियन्त्रण हुने योजनाहरू (जस्तै तटबन्ध, पहिरो नियन्त्रण गर्ने आदि) योजनाहरू।

### ६. मर्मत सम्भार गरिने पूर्वाधार आयोजनाको छनौट प्रक्रिया

(१) प्रत्येक मर्मतसम्भार/संरक्षण समितिले आ-आफ्नो आयोजनाहरुको भौतिक पूर्वाधार शाखाले तोके बमोजिमको नमूना फारम भरी सम्बन्धित वडामा पेश गर्नेछ। सामान्य अवस्थामा आ.व. समाप्त भएको प्रथम त्रैमासिक अवधिभित्र वा प्राकृतिक प्रकोप भई क्षती भएको अवस्थामा घटना भएको एक हप्ताभित्रमा पेस गरिनेछ। यसरी प्राप्त हुन आएको मर्मत सम्भार गरिनु पर्ने आयोजनाहरुलाई सम्बन्धित वडा कार्यालयले आवश्यकता अनुसारको विवरण तयार गरी गाँउपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।
(२) सामान्य अवस्थमा उपदफा (१) बमोजिम विवरण पेश गर्दा वडा कार्यालयले विवरणमा उल्लेखित पूर्वाधार आयोजनाहरु मध्येबाट आफ्नो वडाभित्र एक आर्थिक वर्षमा मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकीकरण गरी मर्मत सम्भारका लागि योजना तर्जुमा प्रक्रियाअनुरुप कार्यपालिकामा पेश गर्नु पर्नेछ तर प्राकृतिक प्रकोप भई क्षती भएको अवस्थामा कार्यालय प्रमुखको निर्देशन र पूर्वाधार बिकास शाखाको रोहबरमा तत्काल मर्मत गर्न सकिनेछ।
(३) उपदफा (२) बमोजिम मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरु कार्यपालिकामा पेश गर्नुपूर्व लागत अनुमान तथा सम्भाब्यता अध्ययन समेत गर्नु पर्ने भएमा सम्बन्धित वडा

कार्यालयले प्राविधिकको समेत सहयोग लिई लागत अनुमान तथा सम्भाब्यता अध्ययन सम्पन्न गरी सो समेत सम्लग्न गरी पेश गर्नु पर्नेछ।
(४) उपदफा (२) वमोजिम पूर्वाधार आयोजनाको मर्मत सम्भारको प्राथमिकीकरण गर्दा मर्मत सम्भार कोष स्थापनामा योगदान पुर्याएका आयोजनाहरुलाई मर्मत सम्भारको लागि उच्च प्राथमिकता दिनु पर्नेछ ।

७. **व्यवस्थापन समिति**

(क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढङ्गले सञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ :

| | |
|---|---|
| १. गाँउपालिका अध्यक्ष | संयोजक |
| २. उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४. पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ५. वन, वातावरण तथा बिपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ६. गाँउ कार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना महिलासहित समितिले तोकेको २ जना | सदस्य |
| ७. पूर्वाधार विकास शाखा प्रमुख | सदस्य सचिव |

(ख) समितिको बैठक कम्तिमा ३ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा संयोजकको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ।
(ग) बैठक भत्ता नियामानुसार हुनेछ।
(घ) बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

८. **स्थानीय पूर्वाधार मर्मत सम्भार कोष तथा कार्य सञ्चालन समितिको काम, कर्तव्य र अधिकार**

मर्मत सम्भार कोष तथा कार्य व्यवस्थापन समितिको निम्नानुसार काम कर्तव्य र अधिकार हुनेछ-
१. समितिले गाउँपालिका मातहत रहेका दफा ६ बमोजिम वडा कार्यालयबाट मर्मत सम्भारको लागि पेश भएका पूर्वाधार आयोजनाहरुको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पहिलो त्रैमासिकभित्र अद्यावधिक गरी सम्भव भएसम्म भौगोलिक सूचना प्रणालीको प्रयोग गरी स्थान र अवस्थासहित नक्साङ्कन तयार गर्नु गराउनु पर्नेछ ।
२. दफा (५) बमोजिम पूर्वाधार आयोजनाहरुको विवरण अभिलेखिकरण गर्दा देहायको आधारमा तयार गर्नु पर्नेछ-
(क) जनश्रमदान र सहयोगी निकायबाट निर्माण भएका आयोजनाहरु,
(ख) कम्तिमा ५ वर्षदेखि चालू आर्थिक वर्षसम्मका निर्माण कार्य सम्पन्न भएका आयोजनाहरु तर ग्रामीण तथा कृषि सडक, पुल तथा भवन, सिँचाईलगायतको पूर्वाधारहरु आयोजनाहरुको हकमा चालू अवस्थाका वा आंशिक मर्मत गर्दा सञ्चालनमा आउन सक्ने अवस्थामा रहेका आयोजना पुरानो भए पनि अभिलेखीकरण गरिनेछ।
३. समितिले गाउँपालिका मातहतका पूर्वाधार आयोजनाहरुको अवस्था विश्लेषण गरी सम्बन्धित विषयगत समितिमा पठाउने छ । विषयगत समितिले आफ्नो विषयगत क्षेत्रभित्रका योजनाहरुलाई भौगोलिक सूचना प्रणालीमा नक्साङ्कनको लागि आवश्यक प्रबन्ध मिलाउने छ ।
४. कार्यपालिकाले आफ्नो कार्यक्षेत्रअन्तर्गत मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकीकरणको लागि निश्चित मापदण्डहरु निर्धारण गरी त्यस्तो मापदण्डको आधारमा

समितिले मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुको प्राथमिकीकरण गरी विषयगत समितिमा पठाउने छ।

५. दफा (७) बमोजिम समितिबाट पेश भएका पूर्वाधार आयोजनाहरुलाई सम्बन्धित विषयगत समितिले अध्ययन गरी वार्षिक रुपमा मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकता सहितको विवरण कार्यपालिकाको बैठकमा पेश गर्नेछ।

६. कार्यपालिकाले मर्मत सम्भार गर्नुपर्ने योजनाहरु छनौट गर्दा गाउँपालिका तथा वडा कार्यालयहरुलाई हस्तान्तरण भएका योजनाहरुलाई मात्र सम्बन्धित विषयगत समितिले मर्मत सम्भारको लागि प्राथमिकता सहित पेश गरेका योजनाहरुलाई आधार मानी क्रमशः कार्यान्वयन गर्नेछ ।

७. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विपद् परी प्राथमिकता सूचीमा रहेको भन्दा अन्य आयोजनाहरुको मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा कार्यपालिकाको निर्णयअनुसार विपद् व्यवस्थापन ऐन तथा विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिले तोकेको प्रक्रिया अनुसार आयोजनाहरुको मर्मत सम्भार कार्य गर्नु पर्नेछ।

८. विपद्को अवस्थामा तथा प्रकृतिक प्रकोपबाट सडक पूर्वाधारमा हुने अबरोधबाहेक अन्य अवस्थामा गाउँपालिकाले पूर्वाधार आयोजनाहरुको मर्मत सम्भारको लागि बजेट विनियोजन गर्नुपर्ने भएमा त्यस्ता आयोजनाहरुलाई योजना तर्जुमा प्रक्रियामा समावेश गर्नु पर्नेछ।

९. निर्माण व्यवसायी मार्फत निर्माण गरिएका पूर्वाधार आयोजनाहरु न्यून गुणस्तरको निर्माणको कारणबाट पूर्ण वा आंशिक रुपमा सञ्चालन अवस्थामा नरहेको भएमा कार्यपालिकाले निश्चित अवधिसम्मको लागि त्यस्ता आयोजनाहरुको मर्मत सम्भार वा पुनः निर्माण कार्य सो आयोजनाको निर्माण गर्ने निर्माण व्यवसायीबाट नै खर्च व्यहोर्ने गरी आवश्यक निर्णय गर्नु पर्नेछ।

१०. उपदफा (९) बमोजिम निर्माण व्यवसायी मार्फत निर्माण गरिएका पूर्वाधार आयोजनाहरु न्यून गुणस्तरको कारण बाहेक अन्य कारणबाट पूर्ण वा आंशिक रुपमा सञ्चालन अवस्थामा नरहेको भएमा कार्यपालिकाले त्यस्ता आयोजनाहरुको मर्मत सम्भार वा पुनः निर्माणको लागि आवश्यक अन्य उपयुक्त व्यवस्था गर्नु पर्नेछ।

११. धेरै पुराना वा जीर्ण अवस्थाका पूर्वाधार आयोजनाहरु मर्मत सम्भार गर्नु पर्ने भएमा पहिलो पटकको लागि मर्मत सम्भार कार्यक्रमअन्तर्गत समावेश गरिने छैन। यस्ता पूर्वाधार आयोजनाहरुको मर्मत सम्भार कार्य नयाँ योजना सञ्चालन के प्रक्रियाअनुसार हुनेछ।

९. **मर्मत सम्भारसम्बन्धी सचेतना र क्षमता विकास**

(१) पूर्वाधार आयोजनाको योजना तर्जुमाको प्रारम्भिक चरणदेखि नै यस कार्यविधि बमोजिम मर्मत सम्भार सम्वन्धमा सचेतना अभिवृद्दि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) मर्मत सम्भारसम्बन्धी सम्झौता पत्रमा उल्लेख भएका प्रावधानहरुलाई सम्बन्धित टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिहरुलाई अभिमुखीकरण गरी मर्मत सम्भारसम्बन्धी व्यवस्थाको लागि आवश्यक पहल गर्न उपभोक्ता वा संरक्षण समितिको क्षमतामा अभिवृद्धिसम्बन्धी कार्यक्रम गर्नु पर्नेछ।

(३) पूर्वाधार आयोजनाको मर्मत सम्भार तथा रेखदेख गर्ने कार्यका लागि आयोजनाको प्रकृतिअनुसार टोल विकास संस्था उपभोक्ता समितिले आयोजना कार्यान्वयन हुनुपूर्व नै मर्मत सम्भार कार्यकर्ता छनौट गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छनौट भएका मर्मत सम्भार कार्यकर्ताको क्षमता विकास गर्न सम्बन्धित पूर्वाधार आयोजना सम्पन्न हुनु पूर्व प्रारम्भिक तालिमको व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद -३
## मर्मत सम्भार कोष स्थापना र व्यवस्थापन

१०. **कोष स्थापना**

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ:

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम।

(ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम।

(ग) गाँउ सभाबाट विनियोजित भएको रकम।

(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.हरुबाट प्राप्त हुने रकम।

(ङ) गाँउपालिका क्षेत्रभित्र सञ्चालन हुने पूर्वाधार विकाससम्बन्धी योजनाहरुको भुक्तानी रकमको १ % ले हुन आउने रकम।

(च) ऋणबाट प्राप्त हुने रकम।

(छ) अन्य स्थानीय तहबाट मर्मत सम्भार वापत प्राप्त हुने रकम।

(ज) विविध ।

११. **कोष सञ्चालन**

(१) गाउँपालिकास्तरीय कोषको सञ्चालन देहाय बमोजिम हुनेछः

(क) कोषको नाममा प्राप्त हुन आएको रकम लिखु पिके गाँउपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

(ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(ग) कोषको अन्तिम लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

(२) टोल विकास संस्था/उपभोक्ता समिति/संरक्षण समिति स्तरमा एक मर्मत सम्भार कोष रहन सक्ने छ।

(३) उपदफा (२) बमोजिम टोल विकास संस्था/उपभोक्ता समिति/संरक्षण समितिस्तरमा रहने कोष सम्बन्धित टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिको निर्णयअनुसार सम्बन्धित गाउँपालिकाले तोकेको बैङ्क वा वित्तीय संस्थामा सम्बन्धित टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिको नाममा राख्न सकिनेछ।

(४) उपदफा (३) बमोजिमको खाताको सञ्चालन सम्बन्धित टोल विकास संस्था उपभोक्ता समिति वा संरक्षण समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट हुनेछ र खाता सञ्चालकहरुमध्ये अनिवार्य रुपमा कम्तीमा एकजना महिला हुनु पर्नेछ।

(५) गाउँपालिका र सोअन्तरगतको वडा कार्यालयले निर्माण व्यवसायी वा टोल विकास संस्था उपभोक्ता समितिमार्फत् निर्माण गरिने पूर्वाधार आयोजनाको लागि विनियोजित कूल बजेटको गाउँ सभाले तोकेको रकम मर्मत सम्भार कोषको लागि विनियोजन गर्नु पर्नेछ र सो रकम लगत अनुमानमा नै समावेश गरेको हुनु पर्नेछ।

(६) टोल विकास संस्था/उपभोक्ता समिति मार्फत सञ्चालन गरिने सामुदायिक पूर्वाधार आयोजनाको मर्मत सम्भार वापत विनियोजित बजेटको १ (एक) प्रतिशत बजेट योजना सम्पन्नपश्चात् गाउँपालिकाको मर्मत सम्भार कोषमा रहनेछ।

तर सार्वजनिक पूर्वाधार आयोजनाहरुमा मर्मत सम्भारको लागि विनियोजित रकम गाउपालिकाको मर्मत सम्भार कोश्रमा नै राखिने छ।

(७) निर्माण व्यवसायी मार्फत सञ्चालन गरी टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिलाई हस्तान्तरण गरिने सामुदायिक पूर्वाधार आयोजनाको हकमा आयोजना हस्तान्तरणसँगै मर्मत सम्भार कोषको लागि विनियोजित रकम समेत गाउँपालिकाको मर्मत सम्भार कोषमा रहनेछ।

(८) गाउँपालिकाले टोल विकास संस्था उपभोक्ता समिति वा संरक्षण समिति स्तरको मर्मत सम्भार कोषमा रकम हस्तान्तरण गर्नुपूर्व त्यस्तो समिति गाउँपालिकाको प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ ।

(९) दफा (८) बमोजिम टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिको मर्मत सम्भार कोषमा प्राप्त रकम मर्मत सम्भार कार्यमा खर्च गर्नु पूर्व टोल विकास संस्था/उपभोक्ता समितिले मर्मत सम्भार कार्यको विस्तृत विवरणसहितको योजना गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(१०) टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिले दफा (९) बमोजिम गाउँपालिकाको स्वीकृति विना खर्च गरेको पाईएमा गाउँपालिकाले समूहको बैंक खाता रोक्का गरी आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

(११) टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिले रु. २०,००० अक्षरुपी बीस हजारभन्दा बढी रकम मर्मत सम्भार कार्यको लागि खर्च गर्नु परेमा गाउँपालिका वा वडा कार्यालयबाट अनिवार्य रुपमा प्राविधिक डिजाईन तथा लगतअनुमान गराई सो स्वीकृत लागत अनुमानअनुसार मर्मत सम्भार कार्य गर्नु पर्नेछ।

(१२) अन्य कुनै निकायब्राट मर्मत सम्भार कोष वापतको रकम गाउँपालिकामा प्राप्त हुन आएमा उक्त रकम गाउँपालिकाको मर्मत सम्भार कोषमा राख्नु पर्नेछ।

(१३) गाउँ सभा वा कार्यपालिकाले समयक्रममा मर्मत सम्भार कोषको लागि छुट्ट्एको रकमसमेत यस कोषमा जम्मा गर्नु पर्नेछ।

(१४) विपद्को अवस्थामा तथा प्रकृतिक प्रकोपबाट सडक पूर्वाधारमा हुने अबरोध हटाउनको लागि आवश्यक पर्ने मेशिन तथा उपकरणहरु निश्चित अवधिको लागि कार्यपालिकाको निर्णय तथा प्रचलित कानुन बमोजिम भाडामा लिई सञ्चालन गर्न सक्ने छ। यसरी भडामा लिएका मेशिन तथा उपकरण सञ्चालन तथा व्यबसथापनको लागि निम्न बमोजिम समिति रहने छ-

निम्नः

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्षले तोकेको १ जना जनप्रतिनिधी | -संयोजक |
| (ख) जिन्सी शाखा प्रमुख | -सदस्य |
| (ग) गाउँ पालिकाको फूर्वाधार बिकास शाखा बाट प्राविधिक | -सदस्य |

१२. **मर्मत सम्भार कोषको रकम प्रयोग गर्न नपाईने**

यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनको लागि कोषको रकम प्रयोग गर्न पाईने छैन-

(१) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(२) नियमित रुपमा गरिने विकास निर्माण सम्बन्धी कार्यहरुको लागि खर्च गर्न

(३) कुनै किसिमको गोष्ठी, अन्तरक्रिया, वा सेमिनारमा भाग लिन वा सञ्चालन गर्न तर पूर्वाधार आयोजनाको रेखदेखमा खटिने व्यक्तिको सीप अभिवृद्धिसम्बन्धी तालिममा सहभागी हुन लाग्ने खर्चको लागि यस बुँदाले वाधा पार्ने छैन।

## परिच्छेद - ४

## कोषको खर्च प्रणाली, छनौटको मापदण्ड र कार्य गराउने व्यवस्था

१३. **कोषको खर्च प्रणाली**

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार विकासको मर्मत सम्भारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछ :

(१) सडक, कल्भट, सडक नाली, पूल, झोलुंगे पुल, ढल आदिको मर्मत सम्भारसम्बन्धी कार्य ।

(२) सिँचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत सम्भारसम्बन्धी कार्य।
(३) विद्यालयको भौतिक पूर्वाधार मर्मतसम्बन्धी कार्य।
(४) सार्वजनिक निकायका भौतिक संचरना एवम् भवनहरुको मर्मत सम्मारसम्बन्धी कार्य ।

१४. **मर्मत सम्भारको लागि छनौटको मापदण्ड**

टोल विकास संस्था/उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकीकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनी माग भई आएका योजनाहरु र गाँउपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ-

(क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु (सडक, भवन, पुल, कुलो आदी)।
(ख) सडक गुरुयोजनामा परेका सडकहरु।
(ग) क्षेत्रगत रणनीति तथा योजनामा परेका पूर्वाधारहरु।
(घ) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा।
(ङ) लाभान्वित हुने जनसङ्ख्या वा घरघुरीको आधारमा।
(च) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा।
(छ) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा।
(ज) दुई वा दुई भन्दा बढी स्थानीय तहलाई जोडने सडक, कृषि तथा हरित सडक, ग्रामीण सडक, पुल पुलेसा, कल्भट, कुलो पैनी, बाँध आदि।

१५. **मर्मत सम्भार कार्य गराउने व्यवस्था**

गाँउपालिकाभित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। गाँउपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद - ५
## विविध

१६. **संसोधन वा खारेजी**

(क) मर्मत सम्भार कोष सञ्चालन कार्यविधि संसोधन वा खारेज गर्नु परेमा गाँउ कार्यपालिकाबाट हुनेछ।
(ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधिअनुसार र उल्लेख नभएको हकमा प्रचलित कानूनअनुसार हुनेछ ।
(ग) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित कानून तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

१७. **बचाउ**

(क) मर्मत सम्भारसम्बन्धी यसभन्दा अगाडी भएका सम्पूर्ण कार्यहरु यसै कार्यविधिनुसार भएको मानिने छ ।